२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष ९, अङ्क २, पूर्णाङ्क ३३ (Year 9, Vol. 2, Issue 33) माघ-चैत्र, २०७० / Jan-Mar 2014, SAHAMATI SANDESH

# युवा महिला विशेष

## संस्थागत कुरा



समविकासको अवधारणा लिएर काम गर्ने विभिन्न संघसंस्थाहरुले महिला केन्द्रित कार्यक्रम सञ्चालन गर्दै जानेक्रममा बढी भन्दा बढी २५ वर्षमाथि उमेर समूहका महिलाहरु समावेश भएको पाइन्छ । यस क्रममा विकासका कर्णधार मानिने १६-२५ वर्ष समूहका युवा महिलाहरु कार्यक्रमबाट ओझेलमा परेका छन् । यस अवस्थालाई मध्यनजर राखी विगत ६ वर्षदेखि सहमतिले विभिन्न साझेदार संस्थाहरुको सहकार्यमा युवा केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिदै आएको छ । विशेष गरी युवा महिलाको आर्थिक, सामाजिक र नेतृत्व तहमा विकास गर्ने उद्देश्यले प्लान नेपालको सहयोगमा सिन्धुली जिल्ला र म्याग्दी जिल्लामा युवा महिला केन्द्रित कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेको छ । आजका युवा भोलीका कर्णधार भन्ने कथनलाई मध्यनजर राखी युवा महिलाहरुलाई संगठित गराई स्थानीय श्रोत साधनको पहिचान, सहकारी संस्थामा आवद्धताका साथै नेतृत्व विकासकै क्रम स्थानीय तहमा युवा महिला संस्थाको स्थापना र जिल्लास्तरमा सञ्जालको समेत निर्माणमा कार्यक्रमले सहजिकरण गरेको छ । सहकारी मार्फत आर्थिक विकासको योजना, सामाजिक विकासका लागि देखा परेका प्रमुख सवालहरुको समाधान/न्यूनीकरणका लागि सामाजिक विकासका योजना र प्रत्येक व्यक्तिलाई उद्यमी बनाउनका लागि व्यवसायिक योजना बनाई अगाडी बढ्ने बाटो देखाउनु पर्नेछ । आर्थिक विकासका लागि सहकारीका माध्यमबाट युवाहरुको आकर्षण बढाउनु पर्नेछ । त्यसैगरी समाजमा विद्यमान सवालहरुको न्यूनीकरणको लागि युवाहरुकै परिचालनबाट सवालको पहिचान र समस्याको न्यूनीकरण समेत गर्नुपर्ने हुन्छ । सहमतिले विभिन्न साझेदार संस्थासँगको साझेदारीमा सञ्चालन भएका कार्यक्रमबाट छोटो समयमा भए पनि केहि सकारात्मक संकेतहरु देखिन थालेका छन् । जसको लागि यस अंकमा प्रकाशित लेख, रचना तथा घटना अध्ययनबाट पुष्ट्याइँ हुन सक्छ ।

सहमति संस्थाबाट प्रकाशन हुँदै आएको सूचनामूलक बुलेटिन **"सहमति सन्देश"** ले ९ औं वर्षमा अगाडी बढिरहेको छ । यस अवधिसम्म आईपुग्नका लागि विभिन्न समयमा विभिन्न कार्यक्रमबाट पुऱ्याउँदै आएको सहयोगको लागि धन्यवाद दिंदै यस अंक प्रकाशनका लागि प्लान नेपालको सहयोगमा सञ्चालित किशोरी शक्ति परियोजना, म्याग्दीबाट भएको सहयोगप्रति आभार प्रकट गर्दछु । साथै यस अंक प्रकाशनका लागि लेख, रचनाका साथै प्रकाशन क्रममा लागिपर्नु हुने सम्पूर्ण साथीहरुलाई संस्थागत रुपमा धन्यवाद दिदै नववर्ष २०७१ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष

## हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०७१ सालको उपलक्ष्यमा यहाँहरुको सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**
गैंडाकोट, नवलपरासी

## यस भित्र ........

- महिला समूह र सहकारीहरुको क्षमता अभिवृद्धि तथा संस्थागत विकास, युवा महिलाहरुको क्षमता अभिवृद्धि तथा आयआर्जन सम्बन्धी लेख, रचना र सफलताका कथाहरु
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलब्धिहरु
- युवा महिलाका सवाल तथा समाधानका अभ्यासहरु
- सहकारी सम्बन्धी सन्देशमूलक कविताहरु
- किशोरी शक्ति परियोजना, म्याग्दीका झलकहरु

## सहमति सन्देश
वर्ष–९, अङ्क–२, पूर्णाङ्क–३३
(माघ – चैत्र २०७०)

### संरक्षक
रत्नप्रसाद सापकोटा
अध्यक्ष, सहमति

### संकलन तथा संयोजन
रीता कुमाल

### सम्पादन
अशोकराज पोखरेल
सरोज भुषाल

### विशेष सहयोगी
होमनाथ सुवेदी
खिला बहादुर घले
डिल्लीराज पौडेल

### प्रकाशन सहयोगी
प्लान नेपाल

### पत्राचार तथा सुझावका लागि
सहमति
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०५६–५०२०९०, ५०२३७३
फ्याक्स : ०५६–५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org

### मुद्रण :
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय........

समुदायको प्रत्यक्ष सहभागिता र समुदायकै स्वामित्वमा सञ्चालित कुनै पनि विकासका प्रयासहरु दिगो विकास र समविकासका लागि मूख्य आधार स्तम्भ मानिन्छन् । अहिलेको परिवेशमा नेपाल जस्तो तेस्रो विश्वका देशमा धेरै गैरसरकारी विकासका प्रयासहरु सञ्चालन भएको देख्न सक्छौ । यद्यपी सञ्चालन भएका विकासका प्रयासहरुले समुदायको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याएको छ । अर्थात् पछाडी पारिएका समुदायको सामाजिक, आर्थिक, राजनीतिक मुद्दा उठान गर्न सफल भएका छन् । त्यसैले अहिलेको परिवेशमा गैरसरकारी संस्थाहरुले सञ्चालन गरेका विकासका अभ्यासहरुले सरकारी प्रयासमा होस्टेमा हैंसे थप्ने काम गरेको छ । जसको फलस्वरुप समुदायको सामाजिक, आर्थिक अभियानले सकारात्मक मोड लिएको छ ।

असल अभ्यास र अनुभवलाई आत्मसात् गर्दै सहमतिले नोभेम्बर २०१२ देखि प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको २० गाविसमा किशोरी शक्ति परियोजना सञ्चालन गरेको छ । जुन मुख्य रुपमा तीनवटा विषयगत क्षेत्रमा केन्द्रित रहेको छ, जसमा महिला समूह तथा सहकारीहरुको क्षमता अभिवृद्धि तथा संस्थागत विकास, युवा महिलाहरुको क्षमता अभिवृद्धि र आयआर्जनका लागि सहयोग रहेको छ । परियोजनाले छोटो समयमा (१४ महिना) शुषुप्त अवस्थामा रहेको सामाजिक र आर्थिक मुद्दामा सकारात्मक परिणाम ल्याएको छ । खासगरी सामाजिक मुद्दाहरुमा देश समग्र विकासमा मेरुदण्ड मानिने युवा महिला (१६–२५ वर्षसम्म) संस्था २० वटा गठन, जिल्ला तहमा पैरवी, बहस, वकालत गर्न सञ्जाल गठन हुनु महिला सशक्तिकरणका दृष्टिकोणमा राम्रो अभ्यासको शुरुवात मान्न सकिन्छ । जस्ले हालसम्म बालबिवाह, बहुविवाह, महिला हिंसा, छोराछोरी बीच हुने विभेद, छुवाछुत, दाइजो प्रथा, प्रजनन् स्वास्थ्य जस्ता सवालहरु प्राथमिकरणका आधारमा पहिचान गर्न सफल भएका छन् । जुन आफैंमा एउटा प्रशंसनीय कार्य हो । त्यस्तै परियोजनाको अर्को मूख्य पाटो महिलाको आर्थिक सशक्तिकरण हो । जुन मर्मलाई आत्मसाथ गर्दै परियोजनाले समूह प्रवर्द्धन, सहकारी संस्थाहरुको दिगो एवं संस्थागत विकास र आयआर्जनका लागि सहकारीकै सिफारिसमा सहकारीले पहिचान गरेका कृषकहरुलाई निर्वाहमुखी मात्र नभएर व्यवसायिक कृषि प्रणाली विकास गर्न कोशेढुंगा सावित भएको छ । हालसम्म पाँचहजारभन्दा बढी सदस्यहरु सहकारीमा आवद्ध भएका छन भने करिब ३ करोडभन्दा बढी शेयर पूँजी समुदायमा नै परिचालित भएको छ । विशेष गरी किशोरी शक्ति परियोजना शुरु भएपछि म्याग्दी जिल्लामा प्लाष्टिक घरभित्रको टमाटर खेती समग्र जिल्लामै व्यवसायिक कृषिको क्षेत्रमा नयाँ अभियान शुरु भएको छ । हिजोसम्म बजारको तरकारी किनेर खाने किसान करेसाबारी खेतीबाट आफैं तरकारी उत्पादन गर्न थालेका छन् भने विगतमा निर्वाहमुखी खेती गर्दै आएका किसान व्यवसायिकतातर्फ उन्मूख भई मनग्गे आम्दानी गर्न सफल भई अगुवा कृषकको रुपमा पहिचान बनाएका छन् ।

यसरी युवा महिलाहरुको अधिकार एवं सवाल उठान गर्न, सहकारीको दिगो एवं संस्थागत विकास एवं प्रवर्द्धन गर्दै सदस्यहरुलाई आयआर्जनका अवसरहरुमा सहभागी बनाई आर्थिक रुपले सक्षम बनाउन किशोरी शक्ति परियोजनाले गरेका प्रयासहरु यस्तै क्षेत्रमा लाग्ने सबै विकास अभ्यासकर्मीहरुलाई एक महत्वपूर्ण सिकाइ र प्रेरणादायी सहयोग मिल्नेछ ।

# किशोरी शक्ति परियोजनाको औचित्य र प्रभाव

✍ होमनाथ सुवेदी
कार्यक्रम सल्लाहकार, किशोरी शक्ति परियोजना, म्याग्दी

"बुढेसकालमा समूह, सहकारी, आर्थिक विकास, सामाजिक विकास र सशक्तिकरण सम्बन्धी कुराहरु धेरै सिक्यौ तर उमेरका कारणले धेरै परिवर्तन गर्न नसकिदो रहेछ । यस्ता कुराहरु उमेरमानै सिक्न पाएको भए धेरै गर्न सक्थ्यौ" भन्ने पाका व्यक्तिहरुको अनुभव/भनाइलाई सम्बोधन गर्दै सहमति र प्लान नेपालको साझेदारीमा २०१२ नोभेम्बरबाट किशोरी शक्ति परियोजना म्याग्दी जिल्लाका २० गा.वि.स.मा संचालन हुँदै आइरहेको छ । महिला तथा युवा महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक विकासका लागि यस परियोजना केन्द्रित छ । स्वभाविक रुपमा हरेक व्यक्तिले कतिपय कुरा आफ्नो आमालाई कतिपय आफ्नो बाबु, दाजुभाइ, दिदीबहिनीलाई पनि भन्न नचाहने हुँदोरहेछ भने कतिपय कुरा आफ्नो उमेर मिल्दो र मन मिल्ने साथीलाई भन्न चाहने भएकाले युवा महिलाहरुको आफ्नो नेतृत्व विकास, आम्दानी वृद्धि र सामाजिक विभेदहरुको न्यूनीकरणका लागि २० वटै गाविसमा १६ देखि २५ वर्ष उमेर समूहका युवा महिलाहरु संगठित भई २० वटा युवा महिला संस्था र जिल्ला तहमा पैरवी, वकालत र दबाव समूहको रुपमा कार्य गर्न सबै युवा, महिला संस्थाको प्रतिनिधित्व गर्दै सञ्जालको गठन गरी विभिन्न सामाजिक सवालहरु जस्तै बालविवाह, दाइजो प्रथा, घरेलु हिंसा, यातायात तथा सार्वजनिक स्थानमा हुने हिंसा र प्रजनन् स्वास्थ्य सम्बन्धी सवालहरुमा गाविसस्तरीय विभिन्न जनचेतनामूलक कार्यक्रमहरुका साथसाथै वकालत र पैरवी गर्दै आइरहेका छन् । आर्थिक विकासका साथै समग्र महिला सशक्तिकरणका लागि २० वटै गाविसका सम्पूर्ण महिलाहरुलाई समेट्ने योजना बनाई समूहमा आवद्ध गर्दै २० वटा महिला सहकारी संस्थाहरुको प्रवर्द्धन भई ग्रामीणस्तरमा वित्तीय सेवा उपलव्ध गराउँदै आइरहेका छन् । गाविस लगायत सरकारी तथा गैरसरकारी निकायसँग समेत साझेदारी गरी विभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापहरु हाल सञ्चालन गर्दै आइरहेका छन् ।

महिला सशक्तिकरण, सहकारी संस्थाहरुको दिगो संस्थागत विकास र आयआर्जन वृद्धिका लागि सहमति संस्थाबाट विभिन्न तालिम, गोष्ठी, अवलोकन अध्ययन भ्रमण, नियमित परामर्श सेवा, सहकारीहरुलाई स्टेशनरी, काउन्टर, सेफबक्स, कम्प्युटरका साथै कृषि तथा गैर कृषिका क्षेत्रमा विभिन्न प्रविधिहरुको हस्तान्तरण गरी व्यवसायिक किसान तयारीका लागि तरकारी उत्पादनमा पकेट क्षेत्रको विकास गर्ने सोचका साथ प्लाष्टिक घरभित्र र घरबाहिर तरकारी उत्पादनका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै स्थानीयस्तरमा उपलव्ध स्रोत, साधन र सीपलाई परिचालन गरी आयआर्जनमा जोड दिदै आईरहेको छ ।



यस कार्यक्रम सञ्चालन भएको १४ महिनामा भएका उपलव्धि तथा प्रभावहरु निम्न अनुसार रहेका छन् :

- ❖ २६८ समूह २० वटा सहकारी संस्थामार्फत् स्थानीय स्रोत बचत, शेयर गरेर ३ करोड रकम संकलन गरी ऋणको रुपमा सदस्यहरुमा परिचालन हुनु ।
- ❖ गा.वि.स, जिविससँगको स्रोतमा समेत साझेदारी गरी विभिन्न सीपमूलक तथा संस्थागत विकासमा सहयोग लिनु ।
- ❖ २० वटा युवा महिला संस्थाहरुको प्रवर्द्धन गर्दै झण्डै ६०० जना भन्दा बढी युवा महिला संस्थाहरुमा आबद्ध भई युवा महिलाका सवाल (जस्तै बालविवाह, घरायसी विभेद, घरबाहिर र घरभित्र हुने महिला हिंसाको विरुद्धमा पैरवी वकालतका साथै आफ्नो व्यक्तित्व विकासका लागि विभिन्न क्रियाकलापहरु संचालन गर्नु ।
- ❖ १८०० घर परिवारले कृषि व्यवसायबाट रु.८,१००,०००।- भन्दा बढी आम्दानी गर्न सफल हुनु । समुदायमा महिलाहरुले प्रयास गर्ने हो भने काम गर्न सक्दा रहेछन् भन्ने कुरा क्रमश प्रमाणित हुँदै जानु र पुरुषले हेर्ने दृष्टीकोणमा सकारात्मक परिवर्तन हुनु ।
- ❖ महिलाहरुको स्रोत र साधनमा पहुँच अभिबृद्धी हुनु ।
- ❖ कृषि व्यवसायलाई व्यवसायिक तवरबाट गर्ने किसानहरुको संख्यामा अभिबृद्धि हुनु ।
- ❖ प्लाष्टिक घरभित्र टमाटर उत्पादन उल्लेख्य (१ टनेलमा ८५० के.जी.सम्म उत्पादन) भएकाले आफैं किसानहरुले लगानी गरी प्लाष्टिक घर तयार गर्न शुरुवात ।
- ❖ स्थानीयस्तरमा कृषि क्षेत्रमा स्रोत व्यक्ति तयार हुनु र व्यवसाय समेत शुरुवात गर्नु ।
- ❖ २२ जना महिलाहरुले ढाका बुनाई तालिम लिई ढाका उत्पादन शुरुवात ।

# युवा महिलाका सवाल र केही पहलहरु

✍ सृया पुन
दाना म्याग्दी, सदस्य, किशोरी तथा युवा महिला संजाल म्याग्दी



आफ्ना सिर्जनशीलताद्वारा धर्तीमा जीवनको अस्तित्वलाई निरन्तरता दिने स्त्री जातीलाई महिलाको रुपमा चिनिन्छ । १६–२५ वर्ष उमेर समूहका महिलाहरु युवा महिला हुन् । युवा हुनु भनेको उमेर समूहको अवस्था मात्रै भने होइन यो त मस्तिष्कको जीवन्त अवस्था (The living state of mind) हो । समस्यालाई समस्याको रुपमा मात्रै नदेखेर त्यसका मुलभुत कारणहरुको खोजी गर्न, समस्या समाधानका सम्भावित उपायहरुको पहिचान गर्ने र कार्यान्वयन तहसम्म पुगेर एउटा अवस्थाको नै परिवर्तन गर्न अग्रसर हुने मानसिकता नै युवा हुनुको सही पहिचान हो ।

यसै सन्दर्भमा सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दीमा किशोरी शक्ति परियोजना लागू भएपछि हामी जस्ता युवा महिलाहरुका साझा सवाल पहिचान गर्न सहज भएको छ । आज हामी आफ्नै उमेर समूह र एउटै मनोभावना भएका युवा महिलाहरु स्वतस्फूर्त रुपमा युवा महिला संस्थामा संगठित भएका छौं । गा.वि.स स्तरदेखि जिल्ला तहमा युवा महिलाहरुका पक्षमा साझा आवाज जुटाउने अभिप्रायले युवा महिला संस्था र युवा महिला संजाल गठन भएको छ । गा.वि.स. स्तरदेखि जिल्लास्तरमा भएका विभिन्न तहका छलफल पश्चात् म्याग्दी जिल्लामा युवा महिलामा साझा सवालहरुको समेत पहिचान गरिएको छ ।

### म्याग्दीका युवा महिलाले पहिचान गरेका साझा सवालहरु –

#### क) सामाजिक तथा सांस्कृतिक व्यवस्थाले ल्याएका समस्याहरु

- बाल विवाह, बहुविवाह,जर्बजस्ती विवाह ।
- किशोर अवस्थामा नै आमा बन्नुपर्ने तथा दुई शिशुबीचको अन्तर कम भएका कारणले ल्याउने स्वास्थ समस्या ।
- महिलाहरुले घर बाहिर तथा घरभित्र अपनाउनुपर्ने भनि बनाइएका पुरुष प्रधान सामाजिक व्यवस्थाहरु ।
- रजस्वला हुँदा बाहिर बस्नुपर्ने, विद्यालय जान नपाइने, पोषणयुक्त खानाबाट बञ्चित गर्ने, सीमित कपडाहरुको प्रयोग गर्न लगाउने जस्ता गतिविधिले ल्याउने मानसिक तथा शारीरिक समस्याहरु ।
- महिलाहरुले घरबाट टाढा रहेर रोजगार, अध्ययन, सीप, तालिम तथा उद्यम गर्ने वातावरण सहज नहुनु (अनावश्यक कुरा काट्नु, कार्य स्थलमा महिलाहरु माथी सम्मानजनक व्यवहार नहुनु, बसोबास तथा हिंड्डुलमा समस्या हुनु ) ।
- महिलालाई शिक्षामा गरिने लगानीलाई परिवारभित्र बाटै अनावश्यक खर्चको रुपमा लिइनु (शिक्षा पूरा गर्ने तथा मन लागेको विषय अध्ययन गर्ने वातावरण सहज नहुनु )
- युवा अवस्थामा नै एकल भएका महिलाहरुलाई समाजमा हेरिने हेपाहा दृष्टिकोण ।
- युवा महिलाहरुले स्वतन्त्र पूर्वक हिंडडुल गर्न तथा आफ्नो हिसाबले भविष्य छनौट गर्ने वातावरण सहज नहुनु (विवाह,रोजगारी अध्ययनका विषयमा परिवारले निर्णय गरीदिने सामाजिक व्यवस्था)
- दाईजो प्रथा
- एकै प्रकृतिको काममा पनि असमान ज्याला

#### ख) महिला भएकै कारणले हुने हिंसाजन्य गतिविधिले ल्याउने समस्याहरु –

- सार्वजनिक स्थलहरुमा बस्दा, हिंडडुल गर्दा, काम गर्दा गरीने शारिरिक, मानसिक तथा यौन जन्य हिंसाहरु ।
- महिलाको इच्छा विपरित श्रीमान् बाटै गरिने यौन जन्य हिंसाहरु (अनिच्छीत शारीरिक सम्बन्ध, गर्भधारण, जन्मान्तर)
- छोरा नै जन्माउनु पर्ने भन्ने पुरातन मानसिकताबाट ग्रसीत श्रीमान् तथा परिवारका कारण पटक पटक गरिने असुरक्षित गर्भपतनबाट महिलामा हुन जाने शारीरिक तथा मानसिक हिंसा

#### ग) समुदायका हरेक गतिविधि र संरचनामा युवा महिलाहरुको अति न्यून सहभागिता ।

युवा महिलाहरुले पहिचान गरेका साझा सवालहरु सम्बोधन गर्न सुरु गरिएका केही पहलहरु –

- युवा महिलाहरुका साझा सवाललाई जिल्लास्तरमा उठान गर्न जिल्लास्तरीय किशोरी तथा युवा महिला संजाल गठन गरी सरोकारवालाहरुसँग एक चरणमा छलफल समेत गरिएको ।
- गाउँ परिषद्, इलाकास्तरीय गोष्ठी र जिल्ला परिषद्मा समेत युवा महिलाका सवालमा सरोकारवाला निकायसँग छलफल गर्न सुरुवात भएको साथै केही गा.वि.स.हरु बाट युवा महिलाका सवालमा काम गर्न बजेट समेत विनियोजन भएको ।
- आदर्श युवा महिला संस्था बाबियाचौरका साथीहरुको आयोजनामा नारी जागृती कार्यक्रम सम्पन्न भएको तथा कार्यक्रममा युवा महिलाहरुका सवाललाई समेटेर नाटक तथा गित समेत प्रर्दशन भएको ।
- रत्नेचौर, दाना र दरबाङ गा.वि.स.मा स्थानीय स्कुल र उच्च माविमा अध्ययनरत किशोरीहरुलाई रजस्वला सम्बन्धी अभिमुखीकरण गरी विद्यालय प्रशासन, गाउँ विकास समिति र सहमतिको सहयोगमा विद्यालयमै सेनेटरी प्याड राख्ने व्यवस्था सुरुवात गरिएको ।
- पात्लेखेत गा.वि.स.का युवा महिलाहरुको सक्रियतामा दुइवटा बाल विवाह सम्बन्धी घटनाहरु रोक्न सहजीकरण भएको ।

हाम्रा साझा सवाल आफ्नै नेतृत्व र पहल तथा सरोकारवाला निकायको सहयोगमा सम्वोधन गर्न भएको सुरुवातले हामीलाई निकै अभिप्रेरीत गरेको छ । सुरुवाती चरणमा भएका गतिविधिहरुबाट प्राप्त उपलव्धीहरुले युवा महिला शसक्तिकरणको यस अभियानले म्याग्दीका युवा महिलाहरुको अवस्थामा अब छिट्टै परिवर्तन ल्याउन सक्ने कुरामा विश्वास गर्न सकिन्छ । ❁❁❁

# सहमति र कृषि विकास कार्यालय, म्याग्दी : एक अनुभव

✍ बसन्तकुमार श्रेष्ठ
वरिष्ठ कृषि विकास अधिकृत, जि.कृ.वि.का., म्याग्दी



समुदायको प्रत्यक्ष सहभागिता र समुदायकै स्वामित्वमा संचालित कार्यक्रमहरु दीगो विकासका लागि आधारस्तम्भ मानिन्छन् । सामुदायिक सहभागितामा महिलाहरुलाई समूह, समूहमा आबद्धता गरिए पश्चात् त्यही समूहलाई सहकारीमा विकसित गराई सेवा पुऱ्याउने उद्देश्यकासाथ म्याग्दी जिल्लामा थुप्रै सहकारीहरु सहमति संस्थाबाट प्रवर्द्धन भइ कियाशील रहेको अवस्था देखिन्छ । सहमतिका अन्य थुप्रै लक्षित वर्गमध्ये महिलाहरु केन्द्रित कार्यक्रम यस जिल्लामा लोकप्रिय रहेको जानकारीमा आएको भएता पनि अन्य छायाँमा परेको भन्न खोजिएको चाहीं होइन अर्थात् तिनको छुट्टै पहिचान आफ्नो ठाउँमा छँदैछ । म्याग्दी जिल्लाको ६७ गा.वि.स. मा दलित, महिला, अपाङ्गता भएका तथा किशोरीहरु लक्षित कार्यक्रमहरुमा उनीहरुको सामाजिक स्तरमा पहुँच अभिबृद्धि गर्ने, आर्थिक अवस्थालाई सुदृढीकरण गर्ने र हरेक संघ संस्थाहरुमा महिला, अपाङ्गता तथा किशोरीहरुको सफल सहभागिता गराउन क्रियाशील रहने उद्देश्यले संचालन भएका विविध कार्यक्रमहरु अन्य दूर दराजमा रहेका गा.वि.स.हरुमा पुऱ्याउन सहमतिले ढिला नगर्नु श्रेयस्कर हुन्छ जस्तो लागेको महशुस भएको छ ।

किशोरी शक्ति परियोजनाले म्याग्दीका २० गा.वि.स.हरुमा प्लाष्टिक घरभित्र गोलभेंडा उत्पादन, भैंसी पालनलाई प्रवर्द्धन तथा नश्ल सुधार गर्न ११ वटा उन्नत जातको राँगो वितरण जस्ता कियाकलापहरु गरिएको र यसका अतिरिक्त अन्य सरकारी गैरसरकारी संघ संस्थाहरुसंगको साझेदारी र सहकार्यमा गैर कृषि कार्यहरुमा सहयोग भई ग्रामीण कृषकहरुको आयस्तरमा बृद्धि हुनुका साथै उनीहरुको जीवनस्तरमा समेत आमूल परिवर्तन आएको देखिन्छ । यस संस्थाले आगामी दिनहरुमा जिल्लाभरी नै प्लाष्टिक घरभित्र गोलभेंडा उत्पादन, मौसमी, तथा बेमौसमी ताजा तरकारी उत्पादन, यसको व्यवस्थित बजारीकरण साथै दुर्गम र संभावना देखिएका गा.वि.स.हरुमा तरकारी बीउ उत्पादनका कार्यक्रम, भकारो सुधार र साना सिंचाई, पानीको स्रोत कम भएको ठाउँमा थोपा सिंचाई, प्लाष्टिक पोखरी निर्माण जस्ता कार्यक्रमहरु विस्तार गर्न सके यस म्याग्दी जिल्लाको कृषि विकासमा उल्लेख्य सहयोग पुग्ने कुरा सत्यको नजिक छ जस्तो लाग्दछ । कार्यक्रमहरु संचालन गर्दा जिल्ला विकास समिति र अन्य सम्बन्धित सरकारी गैर सरकारी संघ संस्थाहरुसंगको समन्वय हुनु त्यतिकै सान्दर्भिक र जरुरी पनि देखिन्छ । कृषि विकास कार्यालय र सहमतिसंगको समन्वय नङ र मासुको जस्तै रहेको र संचालित कार्यक्रमहरुमा कार्यालयले निकै नजिकबाट नियालिरहेको अवस्था छ । संस्थाको सम्बन्ध आगामी दिनहरुमा पनि यसरी नै दीगो रहनेमा जिल्ला कृषि विकास कार्यालय, म्याग्दी विश्वस्त छ । ❁❁❁

# किशोरी शक्ति परियोजना: एक चिनारी

✍ खिला बहादुर घले
कार्यक्रम संयोजक, किशोरी शक्ति परियोजना, म्याग्दी



नोभेम्बर २०१२ देखि प्लान नेपालसँगको साझेदारीमा म्याग्दी जिल्लाका २० गा.वि.स.हरुमा **"किशोरी शक्ति परियोजना"** सञ्चालन भएदेखि मुख्यत: तीन वटा क्षेत्रहरुमा क्रियाकलापहरु केन्द्रित गरिएका छन् । जसमा (क) महिला समूह र सहकारीहरुको क्षमता अभिवृद्धि तथा संस्थागत विकास, (ख) युवा महिलाहरुको क्षमता अभिवृद्धि र (ग) आयआर्जनका लागि सहयोग ।

## (क) महिला समूह र सहकारीहरुको क्षमता अभिवृद्धि तथा संस्थागत विकास

हरेक क्षेत्रमा महिलाहरुलाई विभेद गरिएको हुनाले तुलनात्मक रुपमा पुरुषभन्दा महिला पछि देखिनु तीतो यथार्थ हो । महिलाहरुमाथि विभिन्न किसिमका विभेदहरु छन् । धेरै टाढा नगईकन आफ्नै घरभित्र हेर्ने हो भने पनि घरको स्रोत साधनमाथि महिलाहरुको पहुँच भए पनि नियन्त्रण छैन । यसर्थ



महिलामाथि हुने विभेद र हिंसा कम र अन्त्य गर्न महिला सशक्तिकरण प्रभावकारी र शक्तिशाली माध्यम हो । अझ आर्थिक सशक्तिकरणले महिलाहरुको आर्थिक अवस्था मात्र सुदृढ नभई आत्मबल, आत्मसम्मान, आत्मविश्वास बढाउँदछ । आर्थिक सशक्तिकरणका लागि महिलाहरुलाई महिला सहकारीमा आवद्ध गराई क्षमता अभिवृद्धि र सहकारीको संस्थागत एवम् दीगो विकासमा कार्यक्रमको अहम् भूमिका रहेको छ । नयाँ र पुराना गरी २० वटा महिला सहकारीहरुलाई प्रवर्द्धन गरिएको छ । त्यसो त किशोरी शक्ति परियोजना सुरु हुनुभन्दा अगाडि देखि नै प्लान नेपालसँगकै साझेदारीमा ७ वटा गा.वि.स.हरुमा "स्वावलम्बी समूहहरु तथा महिला सहकारी प्रवर्द्धन कार्यक्रम" सञ्चालन भइरहेको छ र जम्मा २७ वटा महिला सहकारीहरुको प्रवर्द्धन गरिएको छ । समूहमा आधारित सहकारी भएकाले महिलाहरु समूहमा आवद्ध हुन्छन् र सहकारीको सदस्य बन्छन् । सहकारीकर्मीहरुको क्षमता अभिवृद्धि तथा सहकारीको संस्थागत विकासका लागि विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया, बैठक, अध्ययन भ्रमण जस्ता क्रियाकलापहरु सञ्चालित छन् । त्यसैगरी सहकारीलाई चार खाता लगायतका मसलन्द सामग्रीहरु,

फर्निचर, काउण्टर निर्माण सहयोग गरिएको छ । हालसम्म पाँच हजार भन्दा बढी सदस्यहरु सहकारीमा आवद्ध छन् भने तीन करोड भन्दा बढीको कारोबार गरिरहेका छन् ।

### (ख) युवा महिलाहरुको क्षमता अभिवृद्धि

विशेषतः १५-२५ वर्षका युवा महिलाहरुलाई आवद्ध गराई हरेक गा.वि.स.मा युवा महिला संस्था/क्लब गठन गरिएका छन् । युवा महिलाहरुको समस्या र सवाल साथै समाधान गर्ने उपायबारे



छलफल गर्दा व्यक्तिगत रुपमा भन्दा पनि संगठित भएर लाग्नुपर्ने निष्कर्ष छलफलमा आएको हुनाले तिनै युवा महिलाहरुलाई समेटिएर युवा महिला संस्था/क्लब गठन गरिएको हो । युवा महिलाहरुको हक हित र अधिकारका लागि साथै क्षमता विकास, नेतृत्व विकास र समग्र वैयक्तिक विकासमा सहयोगका लागि विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया, अध्ययन भ्रमण, मसलन्द सहयोग, राष्ट्रिय तथा अन्तरराष्ट्रिय दिवस मनाउने आदि क्रियाकलापहरु युवा महिलाहरुकै सक्रियता र नेतृत्वमा सञ्चालित छन् । युवा महिलाहरुले गाउँमा मात्र नभएर जिल्लास्तरमा पनि आवाज उठाउनु पर्छ र पैरवी गर्नु पर्छ भन्ने उद्देश्यकासाथ जिल्लास्तरीय सञ्जाल पनि गठन भएको छ । बालविवाह, बहुविवाह, महिला हिंसा, छोराछोरी बीच हुने विभेद, छुवाछुत जस्ता प्रमुख सवालहरु प्राथमिकीकरणको आधारमा पहिचान गरिएका छन् । र केही गा.वि.स.हरुमा युवा महिलाहरुकै सक्रियतामा बालविवाह हुनबाट रोकिएका घटनाहरु पनि प्रसंशनीय छन् ।

### (ग) आयआर्जनका लागि सहयोग

महिला सहकारीका सदस्यहरुलाई बचतको माध्यमबाट आर्थिक सशक्तिकरणमा जोड दिइरहदा बचतका लागि रकम कहाँबाट ल्याउने भन्ने प्रश्न पनि सँग सँगै जोडिएर आउँछ । तसर्थ सदस्यहरुको



आयआर्जनका लागि सहकारीकै सिफारिसमा र सहकारीले नै पहिचान गरेका कृषकहरुलाई निर्वाहमुखी मात्र नभएर व्यवसायिक कृषि प्रणालीमा मुख्यतः व्यवसायिक तरकारी उत्पादनलाई जोड दिइएको छ । हिजोसम्म करेसाबारी मात्र भएका कृषकहरु अहिले व्यवसायिक तरकारी उत्पादनमा तल्लीन देखिन्छन् । एकै पटकको उत्पादनबाट लाखौं आम्दानी गर्न सफल छन् कृषकहरु । कृषि प्राविधिकको प्राविधिक सल्लाह र सहयोगमा साथै व्यवसायिक तरकारी उत्पादनका लागि बीउबीजन सहयोग, प्लाष्टिक घर निर्माणका लागि सहयोग, साना सिंचाई सहयोग, एग्रोभेट व्यवसाय संचालनमा सहयोग आदि क्रियाकलापहरुले कृषकमा थप उत्साह बढेको छ । आयआर्जनका लागि व्यवसायिक तरकारी उत्पादनको अलावा मौरी पालन प्रवर्द्धन, आधुनिक मौरी घार निर्माण, ढाका कपडा बुनाइमा सहयोग, अल्लो धागो बुनाई सीप विकास सहयोग जस्ता क्रियाकलापले सहकारीका सदस्यहरुमा आत्मविश्वास र आयआर्जन बढाएको छ । हिजोका दिनमा खोलामा माछा मारेर जीवन निर्वाह गर्ने परिवार अहिले बिहान बेलुका तरकारीको स्याहार सम्भार गरिरहेको भेटिन्छ । यी त केही उदाहरणीय पात्र मात्र हुन् ।

युवा महिलाहरुको अधिकार सुनिश्चित गर्न, सहकारीका सदस्यहरुलाई विभिन्न आयआर्जनका अवसरहरुमा सहभागी गराउँदै आर्थिक रुपले सवल र सक्षम बनाउँदै, सहकारीको दीगोपना र संस्थागत विकासका लागि **'किशोरी शक्ति परियोजना'** ले हालसम्म गरेको प्रयास आफैंमा प्रभावकारी र उपलव्धीमूलक साथै अनुकरणीय र प्रसंशनीय छ ।

❁❁❁

## गरौं सहमति, हातमा हात मिलाए हुन्छ प्रगति

✍ शान्ति सापकोटा (पौडेल)
पिप्ले महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.
राखु पिप्ले-२, म्याग्दी



ऋण अनि बचतको छ सम्मान
सहमतिले गरेको अभियान ।
सहकारीको सुन्दर फूलबारी
शितलमा बसौं सहमतिको छहारी ।
न त भेदभाव न राख्छ स्वार्थ
सहमतिलाई नसम्झौं अनर्थ ।
गरीब पीडित विपन्न दलित
सहकारीमा पारौंला मोहित ।
लक्ष्य राम्रो संस्था नि राम्रो
गन्तव्यको बाटो नि छ हाम्रो ।
तालिम गोष्ठी गरेर सेमिनार
खाँचो यहिं छ महिलाको बारम्बार ।
एक एक थोपा बगेर धारा
भविष्यको बनाउँला सहारा ।
सहकारीमा महिलाको चाहना
प्रगतीको गर्दछौं कामना ।

❁❁❁

# कृषिमा व्यवसायिकता र किशोरी शक्ति परियोजना

✍ प्रदिप शर्मा
कृषि अधिकृत, किशोरी शक्ति परियोजना, म्याग्दी

देश विकासमा दरिलो टेवा दिदैं आएको कृषि क्षेत्रको विकास गर्न देशमा दिर्घकालीन कृषि योजना प्रार्दुभाव भयो । यसले गरिबीको रेखामुनी रहेका ४९ प्रतिशत जनसंख्यालाई योजनाको अन्त्य सम्म १४ प्रतिशतमा झार्ने उद्देश्य लिई कार्यक्रम अगाडी बढाउन निर्देशित भयो । दीर्घकालीन कृषि योजना लागू भएपछि कृषि विकास कार्यक्रमलाई यत्रतत्र नछरी स्थान विशेषको सम्भाव्यता, कृषकको माग र चाहना तुलनात्मक लाभलाई मध्यनजर गरी जिल्लामा विभिन्न पकेट क्षेत्रमा स–साना आयोजनाका रुपमा कार्यक्रम तर्जुमा गर्ने प्राथमिकतागत उत्पादन पकेटको अवधारणा सुरु भयो । पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगतका मध्यपहाडी जिल्ला मध्ये म्याग्दी पनि एउटा हो । विश्वको सर्वोच्च हिमाल रहेको म्याग्दी जिल्ला पर्यटकीय दृष्टीले प्रख्यात छ । रातो, सेतो र विभिन्न रङमा फुल्ने लालीगुराँसहरुले ढाकिएको जंगल भञ्ज्याङ मै तहतह मिलेका खोला, स्वच्छ पानी बगिरहेको म्याग्दी र कालीगण्डकी सबैलाई मन लोभ्याउने छन् । प्रकृतिको यो सुन्दरताप्रतिको आर्कषणले कैयौं पर्यटकलाई यहाँसम्म तानेर ल्याउँदछ । सौन्दर्यले मन्त्रमुग्ध पारेपनि पर्यटकहरुका चिसो हावापानीमा उत्पादित ताजा तरकारी खाएर रमाउने धोको अधुरो रहेको अवस्थामा वित्तीय स्रोत र जीविकोपार्जन सम्बन्धी अवसरमा पहुँच बढाई आयआर्जन बृद्धि गर्न र म्याग्दी जिल्लालाई तरकारीमा आत्मनिर्भर गराउन सहमति र प्लान नेपालको साझेदारीमा नोभेम्बर २०१२ देखि २० गा.वि.स मा किशोरी शक्ति परियोजना संचालन भइरहेको छ । समूह र सहकारीमा आबद्ध सदस्यहरुको आर्थिक अवस्था अभिवृद्धी गर्नका लागि जीविकोपार्जन सम्बन्धी विभिन्न कियाकलाप जस्तै मौसमी तथा बेमौसमी तरकारी उत्पादन तालिम प्लाष्टीक घर निर्माण तथा तरकारी उत्पादनमा सहयोग करेशाबारी व्यवस्थापन मौरीपालन प्रबर्द्धन ग्रामीण कृषि कार्यकर्ता तालिम उन्नत जातको राँगा सहयोग संचालन गर्दै आएको छ । कार्यक्रम लागू भएको १ वर्षमा नै परियोजनामा उल्लेखनीय उपलव्धीहरु हाँसिल गर्न सफल भएको छ । जीविकोपार्जन तथा आयआर्जन तर्फका मुख्य उपलव्धीहरु निम्नानुसार छन् ।

- २६८ वटा प्लाष्टीक घरमा व्यावसायिक टमाटर उत्पादन गरी कृषकहरु रु १०,०००।– देखि रु ६००००।– सम्म आम्दानी गर्न सफल ।



- मौसमी तथा बेमौसमी तरकारी खेतीबाट कृषकहरु १ करोड भन्दा बढी आम्दानी लिन सफल ।
- वितरण गरिएका ११ वटा उन्नत जातको राँगा बाट रु ३,४९,५००।– आम्दानी लिन सफल ।
- दिगो व्यवसायीक कृषि विकासका लागि स्थानीयस्तरमै प्राविधिक सेवा पुऱ्याउने अभिप्रायले ११ जना युवा महिलाहरु स्थानीय श्रोत व्यक्ति (LRP) तालिम लिई आफ्नै व्यावसाय सुरु गरिरहेका ।
- पात्लेखेत गा.वि.स मा ८० परिवारहरु महिलाकै सक्रियतामा व्यावसायीक मौरीपालन शुरु गरेका छन् (१६० आधुनिक घार), साथै सोही गा.वि.सका पूर्णकुमारी पुर्जाले आधुनिक मौरी घार निर्माण गरी रु २,००,०००।– भन्दा बढी आम्दानी गर्न सफल भएकी छन् ।

परियोजना लागू भएका गा.वि.स.हरुमा ताजा तरकारी खाने बानीको विकास हुनुको साथै तरकारी खेती आम्दानीको राम्रो श्रोत हो भन्ने महसुस गरी कृषकहरु व्यावसायीकतातर्फ लागेका छन् । विशेषगरी किशोरी शक्ति परियोजना लागु भएपछि म्याग्दी जिल्लामा प्लाष्टीक घरभित्र टमाटर खेतीको नयाँ आयामै सुरु भएको छ । हिजोसम्म बजारबाट तरकारी किनेर खाने किसान करेसाबारी खेतीबाट आफै तरकारी उत्पादन गर्न थालेका छन् भने विगतमा निर्वाहमुखी खेती गर्दै आएका कृषक आज व्यावसायीकतातर्फ उन्मूख भई मनग्गे आम्दानी गर्न सफल भएका छन् । वैदेशीक रोजगारमा गएका आफ्नो श्रीमान्को आम्दानीमा निर्भर रहने महिला हाल व्यावसायीक तरकारी खेतीबाट राम्रो आम्दानी गर्न सफल भई आत्मनिर्भर बनेका छन् । युवाहरु वैदेशिक रोजगारमा पलायन भइरहेको अवस्था र भौगोलिक विकटताका बाबजुत ठाउँ विशेषको तुलनात्मक फाइदा सम्भावना र आवश्यकता पहिचान गरी कार्यक्रमहरु लागू गर्न सकेको खण्डमा म्याग्दी जिल्ला ताजा तरकारीमा आत्मनिर्भर हुने र स्थानीयस्तरमा रोजगारीको अवस्था श्रृजना हुने कुरामा दुइमत नरहला ।

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाबिसहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| **क) साझेदारी कार्यक्रम** | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यकम | अक्सफाम हङ्कङ्ग | नवलपरासी | नवलपरासी-८ | ३१६२ | ४६१ | २८१८ | १५० | ३४२९ | ३२५५ | २१५० | ७ | ५ |
| २ | ग्रामीण युवा विकास कार्यकम | आबु इन्टरनेशनल | नवलपरासी | पहाडि भेगका ६ गा.वि.स. | ३३२६ | ८३५ | १७३३४ | १७५२ | १९९२१ | १०१६० | २९८८ | १ | ६ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गा.वि.स. | २०,४९२ | २०४३ | १०१५८ | ५४९४ | १७६९५ | १७६९५ | ११४९६ (४० बर्ष मुनिका ) | ५ | ५ |
| ४ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ | ८२११ | ४०४६ | १५२२ | ४१४१ | ९७०९ | ९७०९ | - | ६ | ६ |
| ५ | किशोरि शक्ति परियोजना | प्लान नेपाल | म्याग्दी | २० | ४९१६ | १६७० | ३६९४ | १२०६ | ६५७० | ६५७० | १४२८ | ८ | १० |
| ६ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी र तनहु | नवलपरासी - ५ तनहु - ७ | १००० | - | १००० | - | - | १००० | ४०० | ३ | २ |
| **ख) केन्द्रीय कार्यालय** | | आन्तरिक | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | ८ |
| **जम्मा** | | - | ५ जिल्ला | ७४ गा.वि.स | ४१,१०७ | ९,०५५ | ३६,५२६ | १२७४३ | ५७३२४ | ४८३८९ | १८४६२ | ३१ | ४२ |

# कार्यक्रम गतिविधि (माघ-चैत्र, २०७०)

**सहमतिले आफ्ना कार्यक्रमहरूलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।**

**विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न साझेदारी कार्यक्रमहरु रहेका छन् ।**

## समुन्नति कार्यक्रम नवलपरासी

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुर्‍याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- सन् २०१३ मा थप भएका २ वटा गाविस मिथुकरम र रुचाङ्गमा गाविसस्तरीय खाद्य सुरक्षा र जीविकोपार्जन योजना तर्जुमा गोष्ठी सम्पन्न तथा योजना हस्तान्तरण तयारीमा ।
- जौवारी तथा भारतीपुर गाविसस्थित क्रमशः जौवारी वहुउद्देश्यीय सहकारी संस्था लि. तथा ममता महिला बचत तथा ऋण सहकारी संस्था लि.द्वारा नेपाल राष्ट्र बैंकको ग्रामीण स्वावलम्वन कोषमा सम्पर्क समन्वय गरी सहुलियत ऋण ४०,००,०००।- (अक्षरेपी चालिसलाख रुपैंया मात्र) स्वीकृति भई पहिलो किस्ता प्राप्त ।
- अक्सफाम हङ्कङ्गसँग सन् २०१४ जनवरीदेखि २०१५ मार्च १५ महिनाको प्रस्तावना पेश भई सम्झौता सम्पन्न ।
- अक्सफाम हङ्कङ्गलाई कार्यक्रम वर्ष २०१३ को बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन पेश ।
- सन् २०१४ को लागि नयाँ थप भएको बुलिङ्टार गाविसमा कार्यक्रम बारे अभिमुखीकरण तथा पुराना ६ वटा गाविसमा सन् २०१३ को कार्यक्रम क्रियाकलापको सामाजिक परीक्षण, सन् २०१४ को कार्यक्रम अभिमुखीकरण कार्य सम्पन्न भई कार्यक्रम बारे समुदायको सकारात्मक धारणा र विश्वसनीयता वृद्धिमा सहयोग ।
- रुचाङ्ग गाविसमा गठित २५ वटा समूहलाई लक्षित गरी २ वटा समूह व्यवस्थापन तालिम सम्पन्न । तालिमबाट समूहको दिगो व्यवस्थापन र प्रभावकारी सञ्चालनमा सदस्यको क्षमता वृद्धि ।

- रुचाङ्ग तथा मिथुकरम गाविसमा नवगठित गाविसस्तरीय महिला सञ्जालको नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले नेतृत्व क्षमता विकास तालिम २ वटा सम्पन्न ४० जना बढीको सहभागिता ।

### लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- एक चरणको ५ दिने बचत तथा ऋण व्यवस्थापन तालिम सम्पन्न भएको छ जसबाट महिला सहकारीका २० जना पदाधिकारीहरुको बचत तथा ऋण व्यवस्थापनका क्षेत्रमा क्षमता अभिबृद्धि भएको छ ।
- एक चरणको ३ दिने वित्तीय व्यवस्थापन पुनर्ताजगी तालिम सम्पन्न भएको छ जसबाट २० वटा महिला सहकारी संस्थाका व्यवस्थापनहरुको वित्तीय व्यवस्थापन र विश्लेषणका क्षेत्रमा क्षमता विकास भएको छ ।
- २ चरणको सहकारी अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ जसबाट महिला सहकारी संस्थाका ६० जना पदाधिकारीहरुको सहकारी व्यवस्थापनका क्षेत्रमा क्षमता अभिवृद्धि भएको छ ।
- ९ चरणको व्यवसाय सीप विकास तालिम सम्पन्न भएको छ जसबाट महिला सहकारीका सम्भावित नयाँ २७० जना महिला उद्यमीहरुको व्यवसाय व्यवस्थापनका क्षेत्रमा क्षमता अभिवृद्धि भएको छ ।
- कार्यक्षेत्रका २० वटा युवा महिला संस्थाहरुको कार्यनीतिक योजना तर्जुमा कार्यशाला सम्पन्न भएको छ जसबाट २० वटै संस्थाहरुको ३/३ वर्षे कार्यनीतिक योजना तर्जुमा भएको छ ।

### ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ६ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मूख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- ग्रामीण युवा विकास कार्यक्रमको नयाँ कार्यक्षेत्र अर्खला गाविस र बुलिङ्टार गाविस थप । साथै तेस्रो चरणका लागि प्रारम्भिक परिचयात्मक कार्यक्रम गोष्ठी सम्पन्न ।
- तेस्रो चरणका लागि ६ वटा गाविस (गैंडाकोट, रतनपुर, कोटथर, डाँडाझेरी, अर्खला र बुलिङ्टार) मा आधारभूत घरधुरी सर्वेक्षण कार्यक्रम सञ्चालन ।
- डाँडाझेरी–८, छरछरेमा जैविक खेती प्रविधि तालिम सम्पन्न । जसमा २६ जना कृषकहरुको सहभागिता ।
- डाँडाझेरी गाविस वार्ड नं.–८ छरछरे र कोटथर गाविस वार्ड नं. ८ काफलडाँडाका ७३ घरधुरी कृषक सदस्यहरुले जैविक खेती प्रविधिबाट खेतिपाती शुरुवात ।
- सहकारीहरुमा लेखा व्यवस्थापन पुनर्ताजगी तालिम सम्पन्न । जसमा २३ जना सदस्यहरुको सहभागीता ।

### दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, बाग्लुङ्ग/म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा बाग्लुङ्ग जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाँटा, अमलाचौर, नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा, सिहा, कुहुँ, राखुपिप्ले, घतान, राखु भगवती र पुलाचौर गा.वि.स. गरी कूल १८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन् 2011 डिसेम्वरदेखि निरन्तर संचालित कार्यक्रम हो । यस कार्यक्रमको मूख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुचँमा वृद्धि गरी उनीहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

- ४३७ वटा स्वाबलम्बी समुहहरु प्रवर्द्धन भइरहेकोमा हाल २७ समूह थप गरी जम्मा ४६४ वटा स्वाबलम्बी समुहहरु मार्फत ४०४६ दलित, १५२२ जनजाति र ४१४१ अन्य गरी कूल ८२११ घरधुरीका ९७०९ सदस्यहरु समुहको माध्यमबाट आयमूलक क्रियाकलापद्वारा लाभान्वित भएका छन् ।
- पैयुपाटा गा.वि.स., बाग्लुङ्गमा महिला जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड र कालिगण्डकी महिला विकास

बहुउद्देशीय सहकारी संस्था लिमिटेडलाई एकीकरण गरी हाल कालिगण्डकी महिला विकास बहुउद्देशीय सहकारी संस्था लिमिटेडद्वारा बचत तथा ऋण क्रियाकलाप सञ्चालन गरिएको छ ।

- सहकारी संस्थाहरुले मासिक रुपमा ५ वा ७ दिनसम्म मात्रै कारोबार गर्ने गरेकोमा व्यावसायिक योजना तर्जुमा गोष्ठी क्रियाकलाप पश्चात् बाग्लुङ्गका २ र म्याग्दीका ३ गरी जम्मा ५ सहकारी संस्थाहरुले दैनिक रुपमा कार्यालय सन्चालन गरी नियमित बचत तथा ऋणको कारोबार गर्ने गरेका छन् । साथै उनीहरुको सिको गर्दै अन्य सहकारीहरुले पनि नियमित बचत तथा ऋणको कारोबारमा वृद्धि गराएका छन् ।
- सहमति संस्थाको सहजीकरण पश्चात हातेमालो महिला बचत तथा ऋण सहकारी संस्था लि. खुंगा, काँडेबास महिला बचत तथा ऋण सहकारी संस्था लि. काँडेबास र चेतनामूलक महिला विकास बहुउद्देशीय सहकारी संस्था लि. सिंगाले गाउँ परिषद्बाट क्रमशः सहकारी भवन निर्माणका लागि रु १,००,००० गा.वि.स. भवनबाट सहकारी सञ्चालनका लागि निःशुल्क १ कोठा र रु २०,०००।- कम्प्युटर सफ्टवेयरको लागि प्राप्त गर्न सफल भएका छन् ।
- विभिन्न गा.वि.स.हरुमा समूह र सहकारीका माध्यमबाट दलित, जनजाति र अन्य समुदायका महिलाहरुले ऋण लिई विभिन्न आयआर्जनका क्रियाकलापहरु जस्तै सिलाई कटाई, व्यापार, कृषि आदिबाट दैनिक गुजारा चलाइरहेका छन् ।

### अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाको सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका ५ गाविस (डाँडाझेरी, जौवारी, अर्खला, नरम र रुचाङ) र तनहुँको ७ गाविस (धरमपानी, वैदी, छिपछिपे, छिम्केश्वरी, आवुखैरनी, देउराली र बन्दीपुर) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य सुन्तला उत्पादक किसानहरुको आम्दानी ५०% ले वृद्धि गर्ने रहेको छ ।

- जिल्लास्थित सरकारी तथा सरोकारवाला निकायहरुसंग कार्यक्रमको बारेमा अभिमुखिकरण कार्यक्रम नवलपरासीको जि.वि.स भवनमा सम्पन्न ।
- अमिला जातको फलफूलहरुको बजार प्रवर्द्धन परियोजना तनहुँ जिल्लामा पनि विस्तार ।
- परियोजनाको क्रियाकलाप तथा बजेट नवलपरासी र तनहुँ जिल्लाको योजना तर्जुमा गोष्ठीमा पेश तथा प्रस्तुत ।
- विस्तार गरिएको नयाँ कार्यक्षेत्रमा समूह गठन तथा परिचालनको गतिविधि सञ्चालन गर्ने कार्य शुरुवात ।

### किशोरी शक्ति परियोजना म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ, देवीस्थान, झि, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पात्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कूल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मूख्य उद्देश्य वित्तीय स्रोत र जीविकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- २६९ स्वावलम्वी महिला समूहहरुमा ६४७३ महिलाहरु आवद्ध ।
- कार्यक्षेत्र भित्रका २० महिला सहकारीहरुमा ४९६८ महिला आवद्ध भई रु.१,०६,४०,५२८।- पूजी तथा रु.१,१२,६५,०४३।- बचत संकलन ।
- युवा महिलाहरु २० गाविसमा गठित युवा महिला संस्था मार्फत आफ्ना साझा सवाल पहिचान गरी समस्या समाधानतर्फ अग्रसर हुने क्रममा अघि बढ्दै ।
- सहमतिको सहयोगमा महिला कृषि उद्यमीहरु मार्फत जिल्लाका २० गाविसहरु तरकारीमा आत्मनिर्भर हुने क्रममा अघि बढ्दै ।

### केन्द्रीय कार्यालय गतिविधिः

- मिति २०७० फाल्गुण ९ गते Asian Rural Institute, जापानका १२ जना Graduate हरु संस्थाद्वारा संस्थाको अवलोकन । जसमा संस्थाका अध्यक्षद्वारा संस्थाको जानकारी बारे सहजिकरण ।
- संस्थाको विधान तेस्रो संशोधन जिल्ला प्रशासन कार्यालय, नवलपरासीद्वारा यही माघ २८ गते स्वीकृत ।
- मिति २०७० माघ १८ गते संस्थाको कार्यसमिति सदस्य, सदस्य तथा संस्थाका कार्यरत कर्मचारी बीच समन्वय, सद्भाव तथा आत्मियता वृद्धिका लागि सहमति पिकनिक कार्यक्रम आयोजना । जसमा ४५ जनाको सहभागिता ।
- संस्थाको संस्थागत विकास एवं मजबुतिकरणका लागि यही मिति २०७० मसिर १४ गते बसेको कार्यसमिति बैठकको निर्णय अनुसार निम्न लिखित उपसमितिहरु गठन गरियो । जुन यसप्रकार क्रमशः पदपूर्ति उपसमिति, खरिद उपसमिति, केन्द्रीय सहमति वृद्धवृद्धा संरक्षण कोष उपसमिति, एम्बुलेन्स व्यवस्थापन उपसमिति,

सहमति अध्ययन केन्द्र व्यवस्थापन उपसमिति, सहमति बाल विकास ईकाई, सहमति महिला विकास ईकाई रहेको छ ।

- मिति २०७० चैत्र १९ र २० गते संस्थाको रणनीतिक योजना समिक्षा गोष्ठी सौराहामा सम्पन्न ।जसमा कार्यसमिति, सदस्य, सदस्य, केन्द्रीय कार्यालयका कर्मचारी गरी कूल ११ जनाको सहभागिता ।

### सहमति अध्ययन केन्द्र

- जम्मा तालिम सञ्चालन दिन : ५४ दिन (गत पौषदेखि २०७० चैत्र मसान्तसम्म)
- कूल सहभागी : ३६३ (महिला : ३०९, पुरुष : ५४)
- जम्मा सहभागी संघसंस्था : ८ (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

### सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी

- नियमित स्वास्थ्य परिक्षण सेवा अन्तर्गत ओपिडिमा ३१७ जना प्रयोगशालामा ५८२ जना आकस्मिक सेवामा २४६ जना, परिवार स्वास्थ्य कार्यक्रममा घरदैलो सेवा १३४७ जना, एक्सरेमा ११७ जना, ई.सि.जि.मा २५ जना, अल्ट्रा साउन्डमा २४ जनाले सेवा लिनु भएको छ । अस्पतालमा भर्ना भएका बिरामी संख्या जम्मा १९ रहेको छ ।
- सहज सामुदायिक अस्पतालले हरेक शुक्रवार नियमित खोप सेवा संचालन गर्दै आएको छ । जस अन्तर्गत ११३ जना बालबालिकाहरुले सेवा लिइसकेका छन् ।
- सहज स्वास्थ्य सहकारी संस्था लि. र किसान बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा प्रत्येक महिनाको दोस्रो शुक्रवार नियमित निः शुल्क स्वास्थ्य शिविर संचालन गर्दै आएको छ । उक्त स्वास्थ्य शिविरबाट ३ महिनामा ४८ जना व्यक्तिहरु लाभान्वित भएका थिए । जसमध्ये ४२ जना महिला र ६ जना पुरुषको सहभागीता रहेको थियो ।
- सहज सामुदायिक अस्पतालमा श्रीपञ्चमीको अवसरमा स–साना बालबालिकाहरुलाई सेवा दिने अभिप्रायले मिति २०७०।१०।२१ गते बालरोग विशेषज्ञ डा.योगराज शर्माको प्रयासमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको थियो । सो शिविरबाट ५६ जना बालबालिकाहरु लाभान्वित भएका थिए ।
- सहज सामुदायिक अस्पतालको प्राङ्गणमा २०७०।१०।२७ गते वरिष्ठ जेनेरल फिजिसियन डा. प्रमोद पौडेल र डा. अशोक थापाको संयुक्त प्रयासमा डाइबिटिक निशुल्क स्वास्थ्य शिविरको आयोजना । उक्त शिविरमा ७३ जना व्यक्तिहरु लाभान्वित भएका थिए ।
- मातृ शिशु स्वास्थ्य सहयोग (स्माइल) परियोजनाबाट विगत ३ महिनामा ५२३ जना महिलाहरुलाई गर्भवती अवस्थामा स्याहर, स्वास्थ्य परीक्षण र गर्भवती एवं सुत्केरी अवस्थामा देखापर्ने खतराका लक्षणहरु बारे जानकारी उपलब्ध गराइएको थियो ।

❁❁❁

## सोच्छु आँखा बन्द गरेर

✍ गौरा पाइजा
देउराली महिला बचत तथा ऋण सहकारी संस्था लि.
गा.वि.स. : झ्रीं, बडा नं.– ५, म्याग्दी



सोच्छु आँखा बन्द गरेर
म त सानु मरेरै गएनी
सहकारी जान्न मरेर ।

समूह हो गाउँघरको भाषामा
संघ संस्था बनाउने आशामा ।

लागौं हामी सहकारी अभियान
देखाउनेछौं महिलाको पहिचान ।

कुना कुना आउनु है सहमति
हजुर आए पर्दैन आपत्ति ।

चेतनाको विकास हुनेछ
पक्कै यसले चन्द्रमा छुनेछ ।

परिवर्तन हुनेछ गाँउघर
दिदीबहिनी पछाडि नपर ।

सोच्छु आँखा बन्द गरेर
म त सानु मरेरै गएनी
सहकारी जान्न मरेर ।

❁❁❁

# जनआदर्श, महिला जागरण र सहमति

✍ सीता सुवेदी
अध्यक्ष, जनआदर्श महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बाबियाचौर -५ म्याग्दी

८ मार्च २०१४, बिहान १० बजे करीब ३५० को हाराहारीमा महिलाहरु हातमा प्लेकार्ड र ब्यानर बोकेर बजार परिक्रमा गर्दा छेवैको पेटीमा उभिएर ऱ्याली हेर्न पुरुष, केटाकेटी र जेष्ठ नागरिकहरुमा पनि चासो थपिएको थियो । बाबियाचौर बजारको परिक्रमापछि ऱ्याली कार्यक्रम स्थल मंगला उच्च माविको प्रांगणमा पुग्यो । १०४ औं अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा श्री जनआर्दश महिला बहुउद्देश्यीय सहकारी संस्था लि., श्री आर्दश युवा महिला क्लब र महिला संजाल बाबियाचौरको संयुक्त आयोजनामा 'नारी जागृती कार्यक्रम' विभिन्न चेतनामूलक कार्यक्रम गर्दै महिलाहरु घरेलु हिंसा विरुद्ध एक हुने, आर्थिक रुपमा आत्मनिर्भर बन्ने र समाजमा पहिचान खोज्ने संकल्प सहित सम्पन भयो । २०६६ सालदेखि महिलाहरुको सकियतामा सुरु भएको यस जनआदर्श महिला सहकारी २०६९ फाल्गुनबाट सहमतिसँगको साझेदारी र सहयोगमा विभिन्न तालिम र अवलोकन भ्रमण पश्चात् संस्थाको संस्थागत विकास र क्षमता अभिवृद्धीका लागि धेरै पक्षहरुमा सुधार र समय सापेक्ष परिवर्तन गर्नुपर्ने निष्कर्षमा पुग्यो । यस अघि औपचारिकतामा मात्र सीमित हुने संस्थाको संचालक समिति बैठकमा संचालकहरु सक्रिय रुपमा भाग लिने र संस्थाको दिगो विकास, व्यवस्थापकीय पक्षमा सुधार वित्तीय सेवामा विविधिकरण, संस्थाको विनियम, बचत र ऋण परिचालन नीतिको पुनरावलोकन र समय सापेक्ष परिवर्तन जस्ता विषयमा छलफल गर्न थालियो । शेयर सदस्यहरु र सर्वसाधारणहरुमा पनि संस्थाप्रति आकर्षण पैदा भयो । संस्थाको लेखा र कार्यालय समय व्यवस्थापन चुस्त भईसकेपछि शेयर सदस्यहरु उल्लेख्य रुपमा बढ्न थाले । पुराना सदस्यहरु पनि बचतमा विविधिकरण गर्दै थप सेवा लिन उत्सुक देखिए । आज संस्थाले ३६६ जना ग्रामीण महिलाहरुलाई सहकारीमा आवद्ध गराउँदै १७,०७,०००।- शेयर पूँजी, १९,७९,०००।- बचत संकलन र ने.रा.बैक ग्रा.स्वा.कोषबाट ९,६०,०००।- कर्जा समेत लिई सदस्यहरुलाई ४८,०४,०००।- ऋण लगानी गरिरहेको छ । संस्थामा आवद्ध सदस्यहरुको आयआर्जनमा बृद्धी गर्न सहमतिसँगको साझेदारीमा व्यावसायिक कृषितर्फ संस्थामा ४२ जना सदस्य आवद्ध भएका छन् । यस गा.वि.समा हुने भैसीपालनलाई थप उत्पादक बनाउन नश्ल सुधारमा लागि १ उन्नत राँगो समेत संस्थाबाट सहयोग भएपछि पशुपालन र कृषिबाट यहाँका महिलाहरु स्वावलम्बी बन्ने अभियानमा जुटेका छन् ।

हिजोसम्म सानो तिनो रकमका लागि पनि श्रीमान्संग हात फैलाउन बाध्य यहाँका महिलाहरु आज आफ्नै पौरखबाट आम्दानी गर्दै सहकारीमा बचत गर्न सुरु गरेपछि परिवारभित्रै पनि सम्मानित हुने दिशातर्फ अघि बढेको मान्न सकिन्छ । महिला सहकारी भएकाले संस्थामा हरेक गतिविधि महिलाहरुले आफै गरेको र यो संस्था राम्रोसंग अघि समेत बढेको देखेपछि यहाँका पुरुषहरु पनि समाजका हरेक ठाउँमा महिलाहरुलाई सहभागी गराउन इच्छुक भएको देखिन्छ । समग्रमा सहमतिसँगको साझेदारीले केही वर्ष अघि नै दर्ता भएर पनि सुस्ताइरहेको



यो सहकारी अहिले आएर गति लिन सुरु गरेको र यहाँका महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर हुने र सामाजिक रुपमा पहिचान खोज्ने अवस्थाको सुरुवात भएको कुरा नारी जागृती कार्यक्रममा देखिएको उपस्थितिले नै प्रष्ट पार्दछ । सबै हिसाबले पछाडी परेका महिला सहकारी मार्फत आर्थिक रुपमा आत्मनिर्भर बन्दै समाजका हरेक अंगमा आफ्नो उपस्थिति खोज्न र सक्रिय रुपमा सहभागी हुने कुराको सुरुवातले महिला जागरण र आदर्श समाज निर्माणमा केही सुरुवात भएको आँकलन गर्न सकिन्छ । ❁❁❁

# मौरीपालन मार्फत आय बढाउँदै महिलाहरु

✍ टिका बहादुर बरुवाल
कृषि प्राविधिक, सहमति, म्याग्दी



पूर्ण कुमारी पुर्जा (३५ वर्ष) पाल्लेखेत ६ म्याग्दीकी स्वावलम्वी महिला हुनुहुन्छ । करिव एक वर्षदेखि उनी व्यवसायिक रुपमा मौरीपालन तथा मौरीघार निर्माण व्यवसायमा लागिरहनु भएको छ । किशोरी शक्ति परियोजना अन्तर्गत पाल्लेखेत गाविसमा रहेको मौरीपालन व्यवसायको व्यवसायिक सम्भाव्यतालाई अध्ययन गरी एकवर्ष अघि सहमति, म्याग्दी र जिल्ला कृषि विकास कार्यालयको संयुक्त आयोजनामा यस गाविसमा १५ दिने व्यवसायिक मौरीपालन तालिम संचालन भयो । त्यस लगत्तै सहमतिको आयोजनामा १५ दिने आधुनिक मौरीघार निर्माण तालिम समेत सञ्चालन भयो । माघ, फाल्गुणको समयमा घरमा रहेका काठेघारहरुबाट मौरी विभाजन भएर जाने र सो समयमा आफूले हेरेर मात्रै बस्न सक्ने अवस्था रहेकोमा अहिले गाउँमै आधुनिक घार निर्माण हुन थालेपछि महिलाहरु यसतर्फ आकर्षित भएका हुन् । पाल्लेखेल गाविसमा मौरीका लागि आवश्यक चरणहरु जस्तै तोरी, पैयी जस्ता फूल तथा अन्य जंगली फूल पनि सजिलै उपलव्ध हुने भएकोले अहिले गाविस भरीमा ९० भन्दा बढी आधुनिक घारहरुमा मौरीपालन गरिरहेको देखिन्छ । एक वर्षदेखि व्यवसायिक मौरीघार निर्माण गरिरहेकी पूर्ण कुमारी २५ घार बिक्री भइसकेको र ५० वटा घार तयारी अवस्थामा रहेको बताउनु हुन्छ । शुरुमा सिद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि. पाल्लेखेतबाट केहि रकम ऋण लिएर शुरु भएको वहाँको व्यवसायबाट छोटो अवधिमा प्रतिघार ३ हजारका दरले रु. २,२५,०००।- आम्दानी हुने देखिन्छ । गाउँघरमै पाइने उत्तिस, टुनी, वैस जस्ता काठबाट मौरीघार बन्ने र मौरीलाई अन्य जनावर जस्तो स्याहार पनि नचाइने भएपछि उनले यो व्यवसायबाट आफूलाई घर परिवार चलाउन र केटाकेटी पढाउन सजिलो भएको बताउनुहुन्छ । अव मौरीघारबाट मह निकाल्ने समय पनि आउन लागेको भन्दै मह बिक्री पश्चात् यस गाविस लगायत छिमेकी गाविसहरु भ्कीं, पाखापानी, चिमखोलामा समेत यो व्यवसाय विस्तार हुने कुरामा पूर्णकुमारी विश्वस्त हुनुहुन्छ । ❁❁❁

# महिलाहरू व्यवसायिक कृषिबाट स्वावलम्बी बन्दै

✍ राज कुमार धौलाकोटी
कृषि प्राविधिक, किशोरी शक्ति परियोजना, म्याग्दी

देशको करीब ८०% भन्दा बढी जनसंख्या कृषिमा आबद्ध छन् । तर परम्परागत तथा निर्वाहमुखी कृषि पद्धतिका कारण देशकै उत्पादनले बर्षको ३ महिना पनि धान्न नसकिरहेको अवस्था सर्वविदितै छ । निर्वाहमुखी पद्धतिका कारण देशका युवा पुस्ता कृषिप्रति आकर्षित छैनन् । वैदेशिक रोजगारीमा आर्कषण र बाध्यता व्यापक छ । अर्को तर्फ कृषिमा व्यावसायीकता र प्रविधिको प्रयोग गरिएका मुलुकको अवस्था हेर्दा थोरै प्रतिशत जनसंख्याको यस क्षेत्रमा सहभागिताले मात्र पनि उल्लेख्य उत्पादन प्राप्त भएको देखिन्छ । हाम्रो देशको पहाडी र हिमाली क्षेत्रमा दैनिक उपभोग्य जन्य तरकारी बस्तुको उत्पादन अत्यन्त न्यून रहेको अवस्था छ, अर्को तर्फ दैनिक उपभोग्य तरकारीजन्य वस्तुमा हाम्रो आम्दानीको ठूलो हिस्सा खर्च हुन्छ । बिशेष गरी म्याग्दी जिल्लामा उपभोग हुने तरकारीहरु कास्की,तराईका जिल्लाहरु र भारतबाट समेत आउने गर्दछ ।

नोभेम्बर २०१२ बाट सहमति र प्लान नेपालको साझेदारीमा किशोरी शक्ति परियोजना लागू भइसकेपछि भने यस जिल्लाको तरकारी उत्पादनको अवस्था उल्लेख्य प्रगति हाँसिल भएको देखिन्छ । सुरुको अवस्थामा करेसाबारी घर बगैचा व्यवस्थापन ,प्लाष्टीक घर निर्माण गरी गोलभेडा उत्पादन बेमौषमी र मौषमी तरकारी उत्पादन तालिम, आवश्यक बिउ, प्रविधि र प्राविधिक सहयोग सँगै म्याग्दीका २० गा.वि.स.हरुमा मौषमी तथा बेमौसमी तरकारी उत्पादनमा व्यावसायीकता सुरु भएको हो । व्यावसायीक हिसाबले तरकारी उत्पादनको सम्भावना भएका केही गा.वि.स.हरुमा कृषक, कृषि प्राविधिक, कृषि सेवा केन्द्र र जिल्ला कृषि विकास कार्यालयसँगको छलफल तथा समन्वयमा तरकारी उत्पादन पकेट क्षेत्र तथा मसला बाली पकेट क्षेत्र पहिचान गरिएको छ । कार्यक्षेत्र भित्रका २० वटै सहकारीहरुमा कृषि प्रवर्द्धन उप समिति गठन भएका छन् । कृषि प्रवर्द्धन उपसमितिको संयोजनमा कृषक र कृषि प्राविधिकहरु बीच नियमित (मासिक) रुपमा बैठक बसी विविध आयआर्जन तथा जीविकोपार्जन सम्बन्धमा सम्भावना हेरी छलफल गरी समूहमा आवद्ध मेहनति,आय गर्ने इच्छुक र व्यावसायिक रुपमा कृषि पेशा अगाडी बढाइ आयआर्जन बढाउनका लागि सहयोग सिफारिस गर्ने, उच्च मूल्यका बाली लगाउन प्रोत्साहन गर्ने, व्यावसायीक बन्न प्रोत्साहन गर्ने, आफ्नै देश र ठाउँमा मेहनत गरी आय आर्जन बढाउनका लागि आवश्यक तालिम प्रविधि र प्राविधिक सरसल्लाह दिई सहजिकरण गर्दै समूहमा आवद्ध दिदीबहिनीहरुको आय आर्जन बढाउन तथा स्वावलम्बी बनाउन मूख्य भूमिका रहेको छ ।



स्वावलम्बी महिला समूहका दिदीबहिनीहरुले प्लाष्टीक घरमा गोलभेडा उत्पादन लाई व्यावसायीक रुपमा अगाडी बढाउँदै १ प्लाष्टीक घर बाट ७० हजारसम्म आम्दानी गर्न सफल भएका छन् भने काउली, बन्दा, खुर्सानी, भण्टा, भिण्डी, सिमी, बोडी लगायत लहरे बालीबाट एक सिजनमा रु. १५,०००।– देखि रु. ५०,०००।– सम्म आम्दानी गर्न सफल भएका छन् । कृषि प्राविधिकहरु दिदिबहिनीहरुलाई कुन सिजनमा कस्ता बाली लगाउने कुन सिजनमा कस्ता बाली लगाउँदा बढी मूल्य लिन सकिन्छ ,कस्ता बालीले बर्ष भरीनै बजार पाउँछ भन्ने जस्ता कुरा छलफल गराई सिफारीस अनुसारका बिउ बिजन, खाद्य र शुक्ष्म तत्व साथै सिचाँइका कुराहरुमा सहजीकरण गर्दै आएका छन् । यस कार्यक्रमको प्रभावले मैले पनि २ रोपनी क्षेत्रफलमा व्यावसायीक तरकारी उत्पादन गर्न थालेको हुँ । त्यसभन्दा अगाडी ४ जनाको परिवार धान्न गाह्रो हुन्थ्यो । अन्य कुनै पेशा थिएन श्रीमान्ले खोलामा माछा मार्नुहुन्थ्यो कहिले रित्तै आउनुहुन्थ्यो केटाकेटी पढाउन पनि गाह्रो हुन्थ्यो अहिले सहमतिको प्लाष्टीक सहयोगको साथै बिउ बिजन र प्राविधिक सहयोग तालिम आदिबाट मैले तरकारी सुरु गरेको हुँ । यसपाली त अझ एक डेढ रोपनी अरुको जमिन भाडामा लिई सबैमा तरकारी लगाउनको लागि नर्सरी समेत राखी सकेको छु ।अहिले काउली खुर्सानी टमाटर र लहरे बली लगाएको छु , यसैमा रमाएको छु । ४ जनाको परिवार राम्रोसँग चलेको छ, भन्नुहुन्छ हरीयाली स्वावलम्बी महिला समुहकी सदस्य गोमा भण्डारी, वर्ष ४० । त्यस्तै बाबियाचौर ८ मिलिजुली स्वावलम्बी महिला समूहकी सदस्य बर्ष ४४ की श्री गंगा देवी पुर्जा पनि व्यावसायीक तरकारी खेतीबाट सन्तुष्ट हुनुहुन्छ । **'२ वटा टनेलमा टमाटर लगाएकी छु । साथै बाहिर काउली,भण्टा र खुर्सानी पनि लगाएको छु । मेरो महिनाको १८,०००।– ढुकुटी छ अन्य तिर्ने बाटो छैन यसै तरकारीबाट तिर्छु'** हरियाली स्वावलम्बी महिला समुह बाबियाचौरकी पद्मा मल्लले २ वटा प्लाष्टीक टनेलमा टमाटर लगाई रु १,००,०००।– सम्म आम्दानी गर्न सफल भएकी छिन भने अहिले उनी प्लाष्टीक घरबाहिर पनि ३ रोपनीमा तरकारी लगाएकी छन् । व्यावसायीक तरकारी खेती बाटै मनग्गै आम्दानी भएको देखेपछि यहाँका महिलाहरु तरकारी खेतीमा व्यावसायीक रुपमै लाग्न थालेको देखिन्छ । आफ्नै गाउँठाउँ र परिवारसँगै बसेर नियमित रुपमा आम्दानी गरीरहेका यहाँका महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर र स्वावलम्बी बन्न सहमतिले सुरु गरेको यस परियोजनाले सहयोग पुर्‍याइरहेको देखिन्छ । ❁❁❁

# सामुदायिक विकासमा सहजीकरण, मेरो अनुभुति

✍ सुलोचना बोगटी
स्थानीय सामुदायीक सहजकर्ता, किशोरी शक्ति परियोजना



सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लामा संचालित किशोरी शक्ति परियोजना अर्न्तगत रत्नेचौर गा.वि.स को स्थानीय सामुदायीक सहजकर्ताको रुपमा नियुक्ति लिएर कार्यक्रम अभिमुखीकरण तालिम पश्चात घर फर्किदा मलाई मेरो सानो भूमिका र प्रयासबाटै भएपनि गा.वि.सका महिलाहरुको अवस्थामा केही न केही परिवर्तन गर्नुपर्छ भन्ने संकल्प लिएकी थिए ।सुरुको अवस्थामा वडा वडा र टोल-टोलमा गएर स्वावलम्बी महिला समूहहरु प्रवर्द्धन गर्दा महिलाहरु त्यती विश्वस्त भई सकेका थिएनन् । यस अधिपनि गाउँ टोलमा यस्ता महिला समूहहरु प्रवर्द्धन भएका तर नियमित सहजीकरण र आवश्यक तालिम नपाएका कारण केही समयमै निस्क्रिय भएका कारण यसपाली पनि त्यसै पुनराबृत्ती मात्रै हो भन्ने मानसिकताबाट ग्रसीत थिए । साथै महिना मा ५/१० रुपैया बचत गरी केही व्यक्तिहरुले मनोमानी हिसाबले चलाइरहेका केही समूहमा बचतको दर बढाउनुपर्छ र प्रजातान्त्रीक हिसाबले सबैको भूमिका बढाउँदै सबै सँगै अघि बढ्नुपर्छ भन्ने कुरा बुझाउन पनि त्यती सहज थिएन । समूह गठन पश्चात नियमीत रुपमा बैठक सहजीकरण गर्ने समूह व्यवस्थापन तालिमको व्यवस्था गरी समूहको महत्व बुझाउन थालेपछि सुरुको अवस्थामा समूहमा आवद्ध हुन नमानेका महिलाहरुमा पनि बिस्तारै आवद्ध हुने क्रम बढ्न थाल्यो । मासिक रुपमा महिलाहरु स्वावलम्बी समूहको बैठकमा सहभागी हुन थालेपछि बचत र ऋण परिचालन सँगै अन्य सामाजिक विषयमा पनि चासो बढाउन थाले । महिला हिंसा, विभेद, असमान व्यवहार र महिला सहभागिता कम हुनु का पछाडि महिलाहरु आर्थीक रुपमा आत्म निर्भर बन्न नसक्नु र एक भएर संयुक्त आवाज उठाउन नसकेकोले नै हो भन्ने बुझ्न थाले पछि बिस्तारै आयमूलक गतिविधिमा चासो बढाउँदै जान थाले । परम्परागत कृषि पद्धतीमै अल्झी रहेका यहाँका महिलाहरु त्यही कृषिलाई व्यवसायीक बनाउन सके आफूलाई आर्थिक रुपमा सहयोग पुग्छ भन्ने बुझ्न थालेपछि सहमतिकै सहयोग र सहजीकरणमा व्यवसायिक तरकारी खेतीमा चासो राख्न थाले । फलस्वरुप आज गा.वि.स मा लगभग ६० भन्दा बढी परिवारहरु महिलाकै सक्रियतामा व्यवसायिक तरकारी खेतीमा संलग्न रही आम्दानी गरिरहेको देखिन्छ ।संगसँगै गैर कृषि उद्यमबाट पनि आय बढाउन ढाका बुनाई तालिम लिएर २० जना महिलाहरु आम्दानी बढाइरहेका छन् । समूहस्तरमा वडा

*(बाँकी १५ औं पेजमा)*

# पुँजी जोड्दै अघि बढ्दै, म्याग्दीका ग्रामीण महिलाहरू

✍ डिल्लीराज पौडेल 'समय'
लघुवित्त सुपरभाइजर, सहमति (किशोरी शक्ति परियोजना), म्याग्दी



सामाजिक, आर्थिक,सॉस्कृतिक राजनैतिक लगायत सबै पक्षमा पछि पारिएका महिला वर्गले अबको युगमा अरुले आफ्नो उत्थान गरी दिने सोचलाई त्यागेर आफै स्वावलम्बी बनि अग्रसर हुनुपर्छ साथै शसक्तिकरणको अभियानमा समेत आफ्नै पहल कायम गर्दै अघि बढ्न सके मात्रै महिला शसक्तिकरणका कार्यक्रमहरु प्रभावकारी हुनसक्छन् भन्ने तथ्यलाई मनन् गर्दै सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाका २० गा.वि.स हरुमा नोभेम्बर २०१२ देखि किशोरी शक्ति परियोजना संचालन भईरहेको छ । लैङ्गिक विभेदको अन्त्य गर्दै महिलाहरुको आत्म सम्मानमा अभिबृद्धि गर्न स्वावलम्बी महिला समूहहरुको प्रवर्द्धन गर्ने, सरल र दिगो व्यवस्थापन तथा बढी भन्दा बढीको समाबेसीकरणलाई ध्यान दिई समूहहरुलाई समायोजन गरी महिला सहकारीहरुको प्रवर्द्धन गर्ने तथा प्रवर्द्धित सहकारीहरुको लागि संस्थागत क्षमता अभिबृद्धि गर्न र सदस्यहरुको वित्तीय श्रोत र जीविकोपार्जन सम्बन्धी अवसरहरुमा पहुँच बढाई आय आर्जन अभिबृद्धि गर्ने उद्देश्य सहित सुरु भएको यस परियोजना कार्यान्वयनको १ वर्षको अवधिमै उल्लेखनीय उपलव्धी हाँसिल भएको देखिन्छ। छरिएर रहेको स-सानो रकमलाई स्वावलम्बी महिला समूहहरु र सहकारी मार्फत पूँजीमा रुपान्तरण गर्दै त्यस्तो पूँजी सदस्यहरु बीच परिचालन गर्ने र सदस्यहरुको जिविकोपार्जन तथा आय आर्जन मा सुधार गरिरहेका महिला सहकारीहरु फेब्रुअरी २०१४ सम्म आई पुग्दा निम्न अवस्थामा रहेको देखिन्छ ।

| विवरण | | संख्या | औषत (२० गा.बि.स) |
|---|---|---|---|
| समुह स्तरमा | समुह संख्या | २६९ | १४ |
| | समुह सदस्य | ६४७३ | ३२४ |
| सहकारी स्तरमा | शेयर सदस्य | ४५६८ | २२९ |
| | शेयर पुँजी | १०६४०५२८ | ५३२०२७ |
| | बचत रकम | ११२६५०४३ | ५६३२५३ |
| | बाह्य ऋण | १३२०००० | ३ सहकारीले |
| | लगानीमा रहेको ऋण | २३८९६५२८ | ११९४८२७ |
| | ऋणी संख्या | ११०२ | ५६ |

समूहमा आधारित रहेर प्रवर्द्धन भएका महिला सहकारी मार्फत यहाँका ग्रामीण महिलाहरु आर्थिक तथा सामाजिक गतिविधिमा आफै संलग्न हुन थालेका छन् । आफ्नै घर आँगनमा वित्तीय सेवा दिने सहकारीहरु स्थापना हुनु र आफ्नै सहभागीतामा त्यस्ता सहकारीहरुको व्यवस्थापन

*(बाँकी १५ औं पेजमा)*

# तरकारी खेतीबाटै मनग्गै आम्दानी

✍ शिवप्रसाद शर्मा
कृषि प्राविधिक, किशोरी शक्ति परियोजना,म्याग्दी



दिल कुमारी पौडेल (३०बर्षा) एक व्यावसायीक कृषक तथा न्यू दरबाङ महिला साकोस दरबाङ – ३ म्याग्दीको शेयर सदस्य हुन् । सानै उमेरमा विवाह गरेकि उनी चाडै २ सन्तानकी आमा समेत बन्न पुगिन् । बच्चाको उज्वल भविष्यका लागि गतिलो शिक्षा र उचित खानपानको आवश्यकता पर्दछ भन्ने बुझ्केकी उनि आफ्नो प्रसस्त जमिन नभएकाले कुनै न कुनै व्यावसाय सुरु गर्न चाहन्थीन । सुरुमा केही समय सदरमुकाम बेनी बजारमा किराना पसल समेत संचालन गर्न हौसीएकि थिइन् तर आफ्नो मेहनत अनुरुपको प्रतिफल प्राप्त गर्न नसकेपछि उनि दरबाङ–३ ढाडखर्कमा २.५ रोपनि जमिन र घर भाडामा लिएर व्यावसायिक रुपमा तरकारी खेती गर्ने उद्देश्य सहित गाउँ फर्किइन् । तर तरकारी खेती गर्न रुची र इच्छा शक्ति भएपनि प्राविधिक रुपमा उनलाई कुनै ज्ञान थिएन । शहरबाट गाउँ फर्किएको र गाउँमा पनि योजना अनुरुप तरकारी खेतीले व्यावसायिक रुप लिन नसकेपछि उनि निकै हत्तोतसाहित भइन् । यसै बीच प्लान नेपाल र सहमतिको साझेदारीमा दरबाङ गा.वि.स.मा पनि किशोरी शक्ति परियोजना सुरु भयो । स्वावलम्बी महिला समूहहरु प्रवर्द्धन भए । जसमा, उनी पनि आवद्ध भइन् । समूह बैठकमा बचत संकलन र परिचालनसँगै आय आर्जनका विषयमा समेत छलफल हुन थाल्यो । यस्तै एक बैठकमा संस्थाका प्राविधिक तथा समुहका सदस्य बीच ढाडखर्कमा व्यावसायिक तरकारी खेतीको सम्भावना बारे छलफल चलिरहँदा आफूपनि व्यावसायिक कृषक बन्न इच्छुक रहेको र संस्था सँग आवश्यक सहयोगका लागि अनुरोध गरिन् । पहिलो चरणमा संस्थाको सहयोगबाट एउटा र आफ्नै श्रोतबाट थप एक गरी २ वटा प्लाष्टिक घर (टनेल) निर्माण गरी व्यावसायिक टमाटर खेती सुरु गरेकी उनी संस्थाका प्राविधिकहरुको प्राविधिक सहयोगमा टनेल बाहिर समेत २.५ रोपनी जमिनमा काउली, बन्दा, जुकेनी फर्सी, प्याज र लसुनको खेती सुरु गरिन । घर अगाडिबाटै बेनीका लागि गाडी छुट्ने भएपछि उनलाई बजारको कुनै समस्या परेन । अहिले उनी सम्झन्छिन व्यावसायिक तरकारी उत्पादन थालेको १ वर्षमा मैले १ लाख भन्दा बढी आम्दानी गरेकी छु । एकै सिजनमा २ प्लाष्टिक घरबाट १२०० के.जी. भन्दा बढी टमाटर उत्पादन गरेको सुनाउँदै व्यावसायिक तरकारी खेतीबाट मनग्गै आम्दानी गर्न सकिने बताउछिन । आज आफ्ना श्रीमान् सहित व्यावसायिक तरकारी खेतीमा जुटी रहेकी उनी आम्दानीको केही हिस्सा सहकारीमा पनि बचत गरेको र आगामी दिनमा सहकारीबाट ऋण लिएर थप जमिनमा मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने योजना रहेको सुनाइन् । ❁❁❁

## सामुदायिक ......

वडामा गोलबद्ध भएका महिलाहरु आज गा.वि.स स्तरमै एक हुन रत्नेचौर महिला साकोस मार्फत एकजुट भएका छन् । आज गा.वि.स.का सबै वडाका ३२१ महिलाहरु १३ वटा स्वावलम्बी समूहमा आवद्ध भएका छन् । सुरुको चरणमा केही सक्रिय समूहका ३० जना महिलाहरुबाट सुरु भएको रत्नेचौर महिला साकोस अहिले सबै समूहबाट महिलाहरुलाई आवद्ध गराउँदै २५५ जना शेयर सदस्य सहित शेयर र बचत रकममा गरी जम्मा रु १२,००,०००।–बराबरको पूँजी संकलन गरीसकेका छन् । आफ्नै सक्रियता र सहभागीतामा महिला सहकारी मार्फत पूँजीको परिचालन भएको देखेपछि महिलाहरु एक भएमा जस्तो सुकै काम पनि गर्न सक्दा रहेछन् भन्ने विश्वासमा पनि बृद्धि भएको देखिन्छ । करीब १ वर्ष अघि र अहिले हेर्दा मेरो आफ्नै र मेरा दिदीबहिनीहरुको क्षमता र आत्म विश्वासमा आयको परिवर्तन बाट अझ धेरै काम गर्ने हौसला मिलेको छ । भनिन्छ हजारौं माईलको लामो यात्रा पनि एउटा पाइलाबाटै सुरु हुन्छ त्यस्तै महिला शसक्तिकरणको यस अभियानमा मेरो भूमिका र जिम्मेवारी साथै संस्थाका अन्य सहकर्मी साथीहरु र संस्थाको सहयोगले रत्नेचौर गा.वि.स लाई महिला पुरुष समविकासको बाटोमा अघि बढाउन पक्कै सहयोग पुग्नेछ ।❁❁❁

## पूँजी ......

र संचालन हुने भएपछि महिलाहरुमा सामाजिक गतिविधिहरुमा चासो र आर्थिक गतिविधिमा संलग्नता बृद्धि भएको छ । नियमित, आवधिक, ऐच्छिक, खुत्रुके लगायत विभिन्न खालका बचतका सेवा सहित विभिन्न शीर्षकमा सहकारीहरुले ऋण लगानी गर्ने र आय आर्जनमा अभिवृद्धि गर्न सहमतिबाट सीप तालिम र अन्य प्राविधिक सहयोग समेत प्राप्त हुने भएपछि महिलाहरु व्यावसायिक तरकारी उत्पादन ढाका तथा अल्लो कपडा बुनाई तथा अन्य लघुउद्यमहरुमा संलग्न हुन थालेको देखिन्छ । स्वावलम्बी समूह र सहकारीहरुमा आवद्ध यहाँका ग्रामीण महिलाहरुमा विभिन्न चरणका तालिम अवलोकन भ्रमण र सहकारी शिक्षा शिविर जस्ता भएका कार्यक्रम संचालन भएपछि बचतको महत्वप्रति चेतना बृद्धि भएको र परियोजना लागू भएका गा.वि.सहरुमा बचतको अभियाननै सुरु भएको छ। लाहुरे, रेमीट्यान्स र मेला जात्राले सधैं चर्चामा रहने म्याग्दी जिल्ला स्वावलम्बी समूह र महिला सहकारीको यस अभियान सँगै मेला जात्रामा गरीने अनावश्यक खर्च कटौती गरी स्थानीयस्तरमै लघुउद्यम सुरुवात गर्ने र रेमिट्यान्सको सदुपयोग गर्ने तथा यस्ता गतिविधिहरुले महिलाहरुको वित्तीय आत्म निर्भरतामा बृद्धि गर्नतर्फ अग्रसर रहेको देखिएकाले यसले जिल्लाकै समग्र अर्थतन्त्रमा समेत टेवा पुऱ्याउने कुरामा बिमति नरहला । आर्थिक विपन्नता र सामाजिक बहिस्करणले ल्याएका विभेद, दमन र हिंसाबाट महिलाहरु बाहिर आउन स्वावलम्बी समूह र महिला सहकारीमार्फत् आर्थिक सामाजिक र राजनैतिक रुपमा महिला ससक्त हुन सके समुदाय र मानवता विकासमा सहमतिको परिकल्पना पक्कै साकार हुनेछ । ❁❁❁

# किशोरी शक्ति परियोजनाका केही झलकहरु



ढाका बुनाई तालिम पश्चात आय बढाउँदै खिम कुमारी थापा मगर,रत्नेचौर ७ म्याग्दी



युवा महिला संस्थाका नेतृत्वकर्ताहरु अध्ययन अवलोकन भ्रमणका क्रममा श्री जनजाती समाज विकास कार्यक्रम,रतनचुरा ३ सिन्धुलीमा



देउराली महिला साकोस, भिँर्म म्याग्दीका अध्यक्ष रिती थजाली संस्थाको प्रारम्भीक साधारण सभामा मन्तव्य व्यक्त गर्दै ।



रत्नेचौर महिला साकोस, रत्नेचौर ५ म्याग्दीमा वित्तीय सेवा लिदै संस्थाका शेयर सदस्य



दरबाङ्ग गा.वि.स मा नर्सरी निर्माणमा सहजीकरण गर्दै सस्थाका कृषि प्राविधिक



व्यावसायीक तरकारी उत्पादन प्रवर्द्धनका लागि कृषकहरुसँग छलफल गर्दै कार्यक्रम सल्लाहकार



दरबाङ्ग गा.वि.स मा नर्सरी निर्माणमा सहजीकरण गर्दै संस्थाका कृषि प्राविधिक



नारी जागृती कार्यक्रमका अवसरमा प्रभातफेरीमा सहभागी बाबियाचौर म्याग्दीका महिलाहरु



युवा महिलाहरुको साझा सवाल पहिचान तथा सम्बोधनका पहलहरु सुरु गर्न जिल्लास्तरमा किशोरी तथा युवा महिला संजाल म्याग्दी गठन पछि सामूहिक तस्विर खिच्दै



जनआदर्श महिला विकास सहकारी संस्था लि. को प्रारम्भिक साधारण सभामा बोल्दै संस्थाकी व्यवस्थापक

प्रेषक

**सहमति**
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट